# स्वावलम्बन बैंक

स्वावलम्बन लघुवित्त विकास बैंक लि. द्वारा प्रकाशित त्रैमासिक बुलेटिन । २०७३ आषाढ

समाचार


## जुम्ला शाखा उद्घाटन

जुम्ला जिल्ला स्थित बैंकको उपशाखा कार्यालयको उद्घाटन एक समारोह विच सम्पन्न भयो । समारोहका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्ष श्री विजेन्द्र सुवाल तथा प्रमुख जिल्ला अधिकारी एवं समारोहका प्रमुख अतिथि श्री रुद्र प्रसाद पण्डितले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री रुद्र प्रसाद पण्डितले मन्तव्य राख्नुहुदै जुम्ला जिल्लामा पनि स्वावलम्बन लघुवित्त विकास बैंकको उपस्थितिले जुम्ला जिल्लाको आर्थिक तथा सामाजिक अबस्थालाई सकारात्मक दिशा दिने, स्थानिय स्तरमा रहेको सिपलाई लघुवित्तको माध्यमबाट विकास तथा अभिबृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

सहभागी के.न.१२ की केन्द्र प्रमुख श्री रामदेवी डाँगीले शुभकामना मन्तव्य राख्नुहुदै स्वावलम्बन बैंकको लघुवित्त कार्यक्रमबाट सदस्यहरुले विना धितो कर्जा लिई आम्दानी गरेर आत्मनिर्भर हुने अबसर आएको तथा ५० हजार देखि ३ लाख सम्म व्यवसाय गर्न कर्जा पाइने व्यवस्थाले सबैलाई फाइदा पुग्ने बताउनु भयो ।

उद्योग बाणिज्य संघको मध्यपश्चिमाञ्चल क्षेत्रिय उपाध्यक्ष श्री गोविन्द शाहीले शुभकामना मन्तव्य दिनुहुदै बैंकको जुम्लामा आगमनले सबै उद्यमशील मानिसहरु, विपन्न घरपरिवारले प्रत्यक्ष रुपमा फाइदा पाउने विश्वास व्यक्त गर्नु भयो ।

समारोहका सभापति बैंकका अध्यक्ष श्री सुवालले आफ्नो मन्तव्य राख्नुहुदै विपन्न र पिछडिएको परिवारलाई लघुवित्त सेवा मार्फत उनीहरुको आर्थिक तथा सामाजिक अबस्थामा सुधार ल्याई गरिवी न्यूनीकरण गर्ने सशक्त संस्थाको रुपमा यस बैंकको विकास गर्ने परिकल्पना बमोजिम यस क्षेत्रमा शाखा खोलिएको बताउनुभयो ।



## राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आयोजना




“उद्यमशीलताको विकास, गरिवी निवारणको निकास” भन्ने मूल नाराका साथ काठमाडौंमा दुइ दिने राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको आयोजना गरिएको छ ।

लघुवित्त सेवाग्राही सदस्यहरुको भावना, सोच, विचार, समस्या तथा अनुभव अनुभूतिको आदान प्रदान गर्ने, राष्ट्रिय नीति निर्माण तथा कार्यक्रम तर्जुमाका लागि पृष्ठपोषण प्राप्त गर्ने लगायत लघुवित्त कार्यक्रम विस्तारको साथै गुणात्मक पक्षमा ह्रास आउन नदिन लघुवित्तमा देखिएको विचलन र विकृति घटाई सेवामुखी, दिगो एवं प्रभावकारी रुपमा संचालन गर्न सजगता बढाउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा लघुवित्त कार्यक्रममा आवद्ध महिला सदस्यहरु करिब ६०० र लघुवित्त संस्थाका पदाधिकारीहरु तथा नीति निर्माताहरु १५० समेत गरी करिव ७५० जनाको सहभागीता रहेको थियो ।

स्वावलम्बन लघुवित्त विकास बैंक लि. लगायत प्रमुख लघुवित्त संस्थाको पहलमा आयोजना गरिएको सम्मेलनमा यस बैंक साथै अन्य प्रमुख लघुवित्त संस्था सह-प्रायोजक रहेका थिए । सम्मेलन स्वावलम्बन विकास केन्द्रले संयोजन गरेको थियो भने जीवन विकास समाज र सहारा नेपाल सम्मेलनको प्रायोजक संस्थाको रुपमा रहेका थिए । सम्मेलनको समुद्घाटन प्रधानमन्त्री के.पी.शर्मा ओलीले गर्नुभएको थियो भने समुद्घाटन समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर डा.चिरंजीबि नेपालको उपस्थिति रहेको थियो ।

नेपालमा पहिलो पटक आयोजना भएको यस प्रकारको सम्मेलनले लघुवित्त सदस्यहरुमा उद्यमशीलता विकासमा उर्जा मिल्ने विश्वास गरिएको छ । लघुवित्त संस्था नाफामूलक नभई ग्राहक सदस्यहरुको उद्यमशीलता वृद्धि गर्न र उनीहरुलाई आर्थिक-सामाजिक रुपमा सशक्त पार्न भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको उक्त सम्मेलनको समापन समारोहमा अर्थ राज्यमन्त्री लगायत युवा सांसद, लघुवित्तकर्मी, नेपाल सरकार, नियमन निकायका प्रतिनिधिहरु लगायतको सहभागीता रहेको थियो । २०७३ जेष्ठ २ देखि ३ गतेसम्म आयोजना गरिएको सम्मेलन १८ बुँदे घोषणा जारी गर्दै सम्पन्न भयो । ■

## कार्यक्षेत्र विस्तार

स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले रसुवा जिल्लाको वेत्रावती र रुकुम जिल्लाको चौरजहारीमा शाखा कार्यालय स्थापना गरेको छ । गरिव तथा विपन्न वर्गको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याई उनीहरुको आयस्तर अभिवृद्धि गर्ने उद्देश्यले स्थापित बैंकले २ वटा जिल्लामा आफ्नो थप कार्यक्षेत्र विस्तार गरेको हो ।

बैंकले हालसम्म ४९ जिल्लाका १२२ कार्यालयबाट २ लाख बढी सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकका रुपमा कारोवार गर्दै आएको र वित्तीय पहुँच कम रहेका देशका विभिन्न हिमाली तथा पहाडी ग्रामिण क्षेत्रमा कार्यक्षेत्र विस्तारको योजनाका साथ अगाडि बढेको बैंकको अधिकृत पूँजी रु.५० करोड रुपैयाँ रहेको छ ।

# कार्यालय प्रमुखहरू स्वयं विकास तालिममा सहभागी




स्वावलम्बन लघुवित्त विकास बैंक लि. इलाका कार्यालय विर्तामोड, झापा, इटहरी, सुनसरी र लहान, सिरहा अन्तरगतका इलाका/शाखा/उपशाखा कार्यालयका प्रमुखहरुलाई स्वयं विकास तालिममा सहभागी गराएको छ । तालिम कार्यक्रम मिति २०७३ असार ७ देखि ८ गतेसम्म र असार ९ देखि १० गतेसम्म दुइ चरणमा लेटाङ्ग, मोरंगमा संचालन भएको थियो ।




स्वावलम्बन विकास केन्द्रको आयोजनामा संचालित उक्त २ दिने तालिम कार्यक्रम सकारात्मक सोंच विकास, कार्यप्रतिका उत्प्रेरणा, सेवाग्राहीप्रति प्रभावकारी सेवा र कर्मचारी बिच सुसम्बन्ध कायम राख्न सहयोग पुग्ने जस्ता विषयमा केन्द्रीत थियो । तालिममा इलाका कार्यालय विर्तामोड, झापा, इटहरी, सुनसरी र लहान, सिरहा अन्तरगतका इलाका/शाखा/उपशाखा कार्यालयका सबैं प्रमुखहरुको सहभागीता रहेको थियो । ■



*बुद्ध जयन्तीको अवसरमा आनन्दकुटी अलमुनाई एसोसियसन तथा लायन्स क्लव अफ दिंगला भोजपुरले आयोजना गरेको स्वास्थ्य शिविर तथा रक्त संचार कार्यक्रममा प्राप्त प्रशंसापत्र प्रमुख कार्यकारी अधिकृतज्यूलाई प्रदान गर्नुहुँदै बैंकका अध्यक्ष श्री विजेन्द्र सुवालज्यू ।*

# वजेट तथा कार्यक्रम तर्जुमा गोष्ठी सम्पन्न




बैंकको सम्पूर्ण इलाका कार्यालय तथा केन्द्रीय कार्यालयमा आ.व.२०७२/७३ को तेश्रो कार्यक्रम समीक्षा तथा आ.व.२०७३/७४ को वजेट तथा कार्यक्रम तर्जुमा गोष्ठी सम्पन्न भएको छ ।

इलाका कार्यालय प्रमुख स्तरीय गोष्ठीमा सबै इलाका प्रबन्धक तथा केन्द्रीय कार्यालयबाट प्रमुख कार्यकारी अधिकृत, नायव महाप्रबन्धक साथै सबै विभागका प्रमुख तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । त्यसैगरी, इलाका कार्यालयहरुमा सम्पन्न गोष्ठीमा इलाका प्रबन्धक लगायत इलाका कार्यालय अन्तरगतका शाखा/उपशाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो ।

गोष्ठीमा चालु आ.व.२०७२/७३ को चैत्र मसान्तसम्मको लक्ष्य तथा प्रगति, चालु आ.व.को बाँकी महिनाको कार्ययोजना तथा रणनीति साथै आ.व.२०७३/७४ को वजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा छलफल गरिएको थियो । ■

## नियुक्ति/बढुवा

बैंकमा गत त्रैमासमा जम्मा ४१ जना प्रशिक्षार्थी सहायक, ३ जना प्रशिक्षार्थी सहायक प्रबन्धक र २ जना सहायक प्रबन्धक परिक्षणमा नियुक्त भएका छन । त्यसैगरी, १ जना वरिष्ठ प्रबन्धक (सि.ए.) तथा १ जना सहायक प्रबन्धक (आई.टी.) करार सेवामा नियुक्त भएका छन ।

बैंकमा आन्तरिक मूल्यांकनबाट ३ जना वरिष्ठ प्रबन्धक, १३ जना प्रबन्धक, १५ जना सहायक प्रबन्धक, २५ जना वरिष्ठ सहायक, १ जना मुख्य मेसिन चालक, १ जना वरिष्ठ चालक, ३ जना वरिष्ठ पियन तथा ८ जना पियन पदमा बढुवा भएका छन । त्यसैगरी, आन्तरिक प्रतिष्पर्धाको माध्यमबाट २ जना वरिष्ठ प्रबन्धक, ४ जना प्रबन्धक, १० जना सहायक प्रबन्धक, १५ जना वरिष्ठ सहायक पदमा बढुवा भएका छन् ।



*संचालक समितिमा व्यवसायिक विशेषज्ञको रूपमा प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री रामराज जोशीलाई सपथ ग्रहण गराउँनुहुदै बैंकका अध्यक्ष श्री विजेन्द्र सुवालज्यू ।*

# तालिम, गोष्ठी तथा सम्मेलनमा सहभागिता

- स्वावलम्बन विकास केन्द्रले मिति २०७२ माघ १५ देखि १८ गतेसम्म काठमाडौंमा आयोजना गरेको **कर्जा विश्लेषण तालिम**मा वरिष्ठ सहायकहरु श्री श्रवण कुमार कोइराला, श्री दिपक राउत, श्री देवनाथ दास, श्री जयकान्त चौधरी सहभागी हुनुभयो ।
- नेपाल लघुवित्त बैंकर्स संघले २०७२ माघ २७ गते काठमाडौंमा आयोजना गरेको Integrated Management Information System that cuts across the microfinance industry value chain विषयक अन्तरकृयामा नायव महाप्रबन्धक डा.विरेन्द्र कुमार साह र नायव विभागीय प्रबन्धक श्री संजेश रिमाल सहभागी हुनुभयो ।
- Sakcham Access to Finance Programme ले २०७२ माघ २७ गते काठमाडौंमा आयोजना गरेको कार्यक्रममा का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले सहभागी हुनुभयो । त्यस्तै, श्री काफ्ले लघुउद्यम विकास कार्यक्रमले काठमाडौंमा आयोजना गरेको Mid Term Evaluation for Micro Enterprises Development Programme मा सहभागी हुनुभयो ।
- उन्नति वित्तीय पहुँच आयोजनाले मिति २०७२ फागुन २ गते काठमाडौंमा आयोजना गरेको Validation of agriculture Finance Suply Side Study विषयक गोष्ठीमा नायव विभागीय प्रबन्धक श्री चन्द्रमणि चौलागाँई सहभागी हुनुभयो ।
- उन्नति वित्तीय पहुँच आयोजनाले मिति २०७२ फागुन ३ देखि ७ गतेसम्म काठमाडौंमा आयोजना गरेको Market Research and Product Development (TOT) तालिममा का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले र नायव विभागीय प्रबन्धक श्री चन्द्रमणि चौलागाँई सहभागी हुनुभयो ।
- सिएमएफले २०७२ फाल्गुन र चैत्रमा तीन चरणमा काठमाडौंमा संचालन गरेको ५ दिने Operation Management Training मा वरिष्ठ सहायक श्री किशोर कुमार पण्डित, सहायक श्री हरिवंश यादव, वरिष्ठ सहायक श्री रोजी श्रेष्ठ, सहायक श्री सुरेन्द्र स्याङ्तान, वरिष्ठ सहायक श्री हेमराज भट्टराई, वरिष्ठ सहायक श्री श्रवण कुमार ठाकुर र सहायक श्री सुनिता काफ्ले सहभागी हुनुभयो ।
- UNCDF Nepal ले २०७२ फागुन १२ गते आयोजना गरेको A National Representative Study on Financial Inclusion विषयक कार्यक्रममा का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले सहभागी हुनुभयो ।
- BTI ले २०७२ फागुनमा दुई चरणमा इटहरीमा आयोजना गरेको Microfinance Management Training मा प्रबन्धक श्री रामानन्द यादव, सहायक प्रबन्धक श्री आनन्द कुमार सिंह, सहायक प्रबन्धक श्री रण बहादुर राई र वरिष्ठ सहायक श्री सूर्य बहादुर थापा सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्रले मिति २०७२ चैत्र २१ देखि २५ गतेसम्म काठमाडौंमा आयोजना गरेको **शाखा व्यवस्थापन तालिम**मा सहायक प्रबन्धक श्री थिर प्रसाद दाहाल र वरिष्ठ सहायक श्री राजेन्द्र विश्वकर्मा सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्रले मिति २०७१ बैशाख १३ देखि १६ गतेसम्म काठमाडौंमा आयोजना गरेको **कर्जा व्यवस्थापन तालिम**मा सहायक प्रबन्धक श्री डोलनाथ त्रिपाठी, का.मु.सहायक प्रबन्धक श्री अवध कुमार ठाकुर, वरिष्ठ सहायक श्री कृष्ण तिमल्सिना र वरिष्ठ सहायक श्री रमेश कुमार दनुवार सहभागी हुनुभयो ।
- सिएमएफले २०७२ बैशाख २७ देखि ३१ गतेसम्म काठमाडौंमा संचालन गरेको Branch Management Training मा सहायक प्रबन्धक श्री अमिर लाल यादव र वरिष्ठ सहायक श्री इन्द्र बहादुर कार्की सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्र तथा प्रमुख लघुवित्त संस्थाको पहलमा आयोजना गरेको **राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन**मा का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले, नायव विभागीय प्रबन्धक श्री चन्द्रमणि चौलागाँई, वरिष्ठ प्रबन्धक श्री भेष बहादुर वस्नेत, वरिष्ठ प्रबन्धक श्री महेन्द्र वन, वरिष्ठ प्रबन्धक श्री प्रताप नारायण श्रेष्ठ, प्रबन्धक श्री प्रमिला सेढाई, प्रबन्धक श्री सरिता भण्डारी, सहायक प्रबन्धक श्री रेखा कुमारी खैरगोली, सहायक प्रबन्धक श्री अम्बिका मैनाली, सहायक प्रबन्धक श्री कुमारी गुरुङ्ग, वरिष्ठ सहायक श्री जानकी बानियाँ, वरिष्ठ सहायक श्री रोजी श्रेष्ठ, सहायक श्री दुर्गा कुमारी पराजुली, सहायक श्री सुनिता काफ्ले र सहायक श्री सुनिला तुलाधर सहभागी हुनुभयो ।
- UNNATI Access ले २०७३ जेष्ठ १२ र १३ गते काठमाडौंमा आयोजना गरेको Leveraging Digital Financial Services (DFS) for Agriculture Workshop मा नायव विभागीय प्रबन्धक श्री संजेश रिमाल र वरिष्ठ प्रबन्धक श्री मोहन प्रसाद भट्टराई सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्रले मिति २०७३ जेष्ठ ३० देखि ३२ गतेसम्म काठमाडौंमा आयोजना गरेको **कर्जा व्यवस्थापन तालिम**मा सहायकहरु श्री जीत बहादुर नेपाली, श्री रामानन्दन मण्डल, श्री राजेश कुमार साह, श्री उर्मिला कार्की र श्री कृपा काफ्ले सहभागी हुनुभयो ।
- सिएमएफ नेपालले २०७३ जेष्ठ २८ गते काठमाडौंमा आयोजना गरेको The kick off workshop on Social Performance country report विषयक कार्यक्रममा का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले सहभागी हुनुभयो ।
- URS Nepal ले मिति २०७३ असार २ देखि ४ गतेसम्म काठमाडौंमा आयोजना गरेको Internal Quality Auditor Training on ISO 9001:2015 and ISO 19011 International Standards-Guidelines for Auditing Managemt System विषयक तालिममा वरिष्ठ प्रबन्धकद्वय श्री भेष बहादुर वस्नेत र संदीप पौडेल सहभागी हुनुभयो ।
- नविल बैंकले २०७३ असार ८ गते धरानमा आयोजना गरेको 1Day Markrting and Complience विषयक गोष्ठीमा वरिष्ठ सहायकहरु श्री रमा गुरागाँई, श्री मनोज कार्की, श्री जयकान्त चौधरी, श्री रामेश्वर मेहता, श्री नारायण प्रसाद सुवेदी, सहायकहरु श्री मुरारी प्रसाद चौधरी, श्री पूण्य प्रसाद भट्टराई र श्री विक्रम कुमार भुजेल सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्रले मिति २०७३ असार १२ देखि १४ गतेसम्म काठमाडौंमा आयोजना गरेको **शाखा व्यवस्थापन तालिम**मा का.मु.प्रबन्धक श्री नरेन्द्र प्रसाद रोकाय, सहायक प्रबन्धक श्री फन नारायण सुवेदी, वरिष्ठ सहायकहरु श्री तीर्थ बहादुर श्रेष्ठ, सुरेन्द्र कार्की, श्री गणेश प्रसाद साह सहभागी हुनुभयो ।
- उन्नती वित्तीय पहुँच आयोजनाले २०७३ असार १३ देखि १७ गतेसम्म काठमाडौंमा आयोजना गरेको Training (TOT) on Agriculture Value Chain Finance तालिममा वरिष्ठ प्रबन्धक श्री प्रताप नारायण श्रेष्ठ सहभागी हुनुभयो ।
- नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७३ असार १३ गते ललितपुरमा आयोजना गरेको E-Mapping गोष्ठीमा वरिष्ठ प्रबन्धक श्री दिनेश रत्न शाक्य र प्रबन्धक श्री जीवन अर्याल सहभागी हुनुभयो ।
- श्री N.K. Joshi & Co. ले २०७३ असार २७ गते काठमाडौंमा आयोजना गरेको Ammendments in Income Tax by Finance Bill 2073 and its effects विषयक अन्तरकृयामा वरिष्ठ प्रबन्धक श्री हरि प्रसाद गौतम, प्रबन्धक श्री लिल बहादुर कार्की, प्रबन्धक श्री सरिता भण्डारी र का.मु.सहायक प्रबन्धक श्री राजु ढोडारी सहभागी हुनुभयो । ■

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

## अद्यावधिक स्थिति (२०७३ आषाढसम्म)

बैंकले सेवा पुऱ्याएको जम्मा जिल्ला संख्या : ४९

| क्र. सं. | इलाका कार्यालय | कार्यालय संख्या | कार्यक्रमले ढाकेको गा.वि.स/न.पा. | केन्द्र संख्या | समुह संख्या | सदस्य संख्या | ऋणी सदस्य संख्या | ऋणी सदस्य अनुपात % | लगानीमा रहीरहेको रकम रू. (०००) | सदस्य बचत रकम रू. (०००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विर्तामोड, झापा | ८ | ५६ | ६२९ | २,३११ | १०,९२० | ८,४९८ | ७८% | ४१९,७५६ | १७१,१२१ |
| २ | इटहरी, सुनसरी | १० | ८७ | ८९९ | ४,६२८ | २०,६१८ | १४,५५३ | ७१% | ६८८,७५७ | ३४३,१८२ |
| ३ | लहान, सिरहा | १८ | १५२ | १,२२६ | ६,३४१ | २९,३१६ | १९,४०४ | ६६% | १,०३७,६४१ | ४५६,०९५ |
| ४ | बर्दिबास, महोत्तरी | ११ | ९४ | ७९१ | ४,६४७ | २१,७६० | १५,१४६ | ७०% | ८३१,३८८ | ३४६,६२५ |
| ५ | बीरगंज, पर्सा | ११ | ८२ | ८७० | ५,३५२ | २४,६९९ | १८,६२९ | ७५% | ९५५,३०३ | ४०८,७४३ |
| ६ | गट्ठाघर, भक्तपुर | १८ | १११ | १,५०१ | ६,७४९ | ३१,३६० | १८,६८७ | ६०% | ६४२,२५३ | ५१७,२६० |
| ७ | घोराही, दाङ्ग | २० | १४२ | १,५७६ | ७,७८९ | ३६,९६० | २३,८४८ | ६५% | १,०७२,२५५ | ४६८,७४९ |
| ८ | मुग्लिन, चितवन | ९ | ६४ | ७२० | ३,०२९ | १४,९७८ | १०,८५१ | ७२% | ४१६,७७२ | १९९,१३० |
| ९ | धनगढी, कैलाली | ८ | ३३ | ५९१ | २,५७७ | १३,७०४ | ८,३६१ | ६१% | ३४३,९३५ | १३१,२०७ |
| | **जम्मा** | ११३ | ८२१ | ८,८०३ | ४३,४२३ | २०४,३१५ | १३७,९७७ | ६८% | ६,४०८,०६१ | ३,०४२,१११ |

## अनुरोध

यस "स्वावलम्बन बैंक समाचार" लाई अझ प्रभावकारी, उपयोगी र स्तरीय बनाउन तपाईंहरूको रचनात्मक सहयोग एवं सुझावको सदैव अपेक्षा गर्दछौं । यस प्रकाशनको प्रकृतिसँग मेल खाने लेख, रचना, सदस्यहरूको सफलताका कथाहरू तथा अन्य समसामयिक गतिविधि समेटी तयार पारेका रिपोर्टहरू स्पष्टसंग लेखि वा टाइप गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**प्रापक**

.......................................................................................

.......................................................................................

.......................................................................................

.......................................................................................

केन्द्रीय कार्यालयः लालकोलोनी मार्ग, लालदरबार, काठमाडौं, पो.ब.नं. १९२४६, फोन ०१-४४३४९२१, ४४३४९२२ फ्याक्सः ०१-४४४१५२५
E-mail: swbbl@ntc.net.np / swabalambanadm@gmail.com, Web Site: www. swbbl.com.np